# बागमती प्रदेश सरकार
# स्वास्थ्य मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
# आयुर्वेद तथा वैकल्पिक चिकित्सालय
## दोलखा, नेपाल

### करार सेवामा लिने सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८१/०८/२४**

यस चिकित्सालयको स्वीकृत दरबन्दीमा लोक सेवा आयोगबाट पदपूर्तिका लागि सिफारिस भई आएमा वा स्थायी कर्मचारी खटिई/सरुवा भई आएमा वा अन्य व्यवस्था भएमा स्वतः नरहने गरी देहाय बमोजिमको पदमा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र कार्यालय समय भित्र राजश्व तिरेको रसिद सहित चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची २ दफा ७ (उपदफा १) संग सम्बन्धित फारम भरी दरखास्त दिनु हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | माग गरिएको पद | तह | सेवा/समूह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १-२०८२/८३ | आयुर्वेद चिकित्सक | ८ | स्वास्थ्य/आयुर्वेद | १ | स्थायी दरबन्दी करार |
| २ | २-२०८२/८३ | अभ्यंगकर्ता | - | विविध | १ | कार्यक्रम करार (पुरुष-१) |

१. योग्यता र अनुभवः

क. नेपाली नागरिक ।

ख. श्रेणी विहिन तहको लागि १८ बर्ष र अधिकृत तहको लागि २१ वर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको ।

ग. आयुर्वेद चिकित्सकको लागि आयुर्वेद चिकित्सा विषयमा स्नातक तह उतिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता तथा नविकरण भएको, अभ्यंगकर्ताका लागि प्रवेशिका परिक्षा उतिर्ण गरेको (पंचकर्म/पूर्वकर्म/अभ्यंग तालिम लिएकालाई प्राथमिकता दिईने छ) दलित, महिला, आदिवासी/जनजाती, अपाङ्गता भएको व्यक्तिलाई प्राथमिकता दिईने छ ।

घ. स्वास्थ्य क्षेत्रमा अनुभव हासिल गरेको भए सोको प्रमाणपत्र ।

ङ. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

च. दरखास्तमा संलग्न गर्नुपर्नेः व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, प्रचलित कानून बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्ने छ ।दरखास्त फारम यस कार्यालयको ईमेल p3mosd.dahcdolakha@gmail.com मा समेत आवश्यक कागजात स्क्यान गरी पठाउन सकिने छ ।

२. दरखास्त फारम तथा थप जानकारी यस चिकित्सालय तथा यस चिकित्सालयको वेबसाईट www.dahcdolakha.bagamati.gov.np बाट उपलब्ध हुनेछ ।

३. दरखास्त दस्तुरः श्रेणी विहिन तहको हकमा रु. ७००/- (अक्षरेपी सात सय रुपैयाँ मात्र) र अधिकृत तहको हकमा रु. १,२००/- (अक्षरेपी एक हजार दुई सय रुपैयाँ मात्र । दरखास्त दस्तुर नेपाल बैंक लिमिटेडको को खाता नं २७२०२००००१००१००००१ मा कार्यालय कोड ३७००१२३१६३ उल्लेख गरी राजश्व शीर्षक नं १४२२४ मा जम्मा गर्नुपर्नेछ ।

४. दरखास्त दिने अन्तिम मितिः२०८२/०९/१० र सो दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समयसम्म रहनेछ ।

५. रीत नपुगी तथा निर्धारित मिति भन्दा ढिलो पर्न गएका आवेदन उपर कारबाही हुने छैन ।

६. परीक्षाको तालिका आवेदन दिने अन्तिम मितिको भोलिपल्ट प्रकाशन गरिनेछ ।

७. थप जानकारीका लागि फोन नं ०४९-४२१३०६, र ९८५४०४५०९९ मा सम्पर्क गर्न सकिनेछ ।

कार्यालय प्रमुख